गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

# पूर्वाधार विकास कार्यालय

लमजुङ

**सूचना प्रकाशनका लागि दररेट पेश गर्ने सम्वन्धी सूचना ।।**

प्रकाशित मितिः २०८२/०९/१५

पूर्वाधार विकास कार्यालय, लमजुङ्ग मार्फत आ. ब. २०८२/०८३ मा प्रकाशन हुने विभिन्न सूचनाहरु प्रेस काउन्सिल नेपालको वर्गिकरणमा 'क' बर्गमा सुचीकृत राष्ट्रिय दैनिकहरु मार्फत सूचना प्रकाशन गरिने भएकोले उक्त बर्गमा पर्ने ईच्छुक राष्ट्रिय दैनिक पत्रिका/प्रकाशन संस्थाहरूले मिति २०८२/०९/२२ गते कार्यालय समय भित्र आफुले पेश गर्ने प्रति कोलम सेमी को लागि छुट सहितको दररेट उल्लेख गरि तोकिएको समयसिमा भित्र यस कार्यालयमा शिलवन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव पेश गर्ने सम्वन्धि कागजातहरु यस कार्यालय, कार्यालयको वेबसाईट www.idolamjung.gandaki.gov.np र सम्वन्धित प्रकाशन संस्थाहरुको अनुरोधमा ईमेल (कार्यालयको ईमेल ठेगानाः idolamjung2025@gmail.com) मार्फत पनि निशुल्क प्राप्त गर्न सकिनेछ । पत्रिका/प्रकाशन संस्थाले आफ्नो प्रस्ताव शिलवन्दी गरि गोप्यरुपमा यस कार्यालयमा उपलव्ध गराउनुहुन जानकारी गराईन्छ । ईमेल वा अन्य खुल्लारुपमा प्राप्त प्रस्तावहरुलाई मुल्यांकनमा समावेश गरिने छैन ।अन्य जानकारीको लागि कार्यालयवाट प्राप्त हुने प्रस्ताव सम्वन्धि कागजात हेर्नुहुन समेत अनुरोध छ ।

शोभियत खड्का
सि.डि.ई.

गण्डकी प्रदेश सरकार
पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास कार्यालय
लमजुङ

पूर्वाधार विकास कार्यालय, लमजुङ्गद्धारा बोलपत्र सम्वन्धी सूचनाहरु र अन्य खरिद वा कार्यालयको लागि आवश्यक सूचना प्रकाशनको लागि छुट सहितको दररेट पेश गर्ने सम्वन्धी सूचना अनुसार छुट सहितको दररेट पेश गर्दा तथा भुक्तानी प्राप्त गर्दा पत्रिका/प्रकाशन संस्थाहरुले अपनाउनुपर्ने शर्तहरु:-

**क. दररेट पेश गर्ने सम्वन्धमा पत्रिका/प्रकाशन संस्थाहरुलाई निर्देशनः**

१. दररेट पेश गर्दा पत्रिका/प्रकाशन संस्थाले संस्था दर्ता प्रमाणपत्र र नविकरण विवरण, बिज्ञापन बोर्डमा सूचिकृत रहेको प्रमाणपत्र र नविकरण विवरण, स्थायी करदाता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र संलग्न गरी कार्यालयवाट उपलव्ध गराईएको आर्थिक प्रस्ताव पेश गर्ने फारममा छुट सहितको दररेट उल्लेख गरि सो समेत शिलबन्दी खाम भित्र राखी सोझै यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

२. पत्रिका/प्रकाशन संस्थाले आफ्नो प्रस्ताव हुलाक वा अन्य तवरवाट गोप्य शिलवन्दीरुपमा पेश गर्न सक्नेछन तर यसरी प्रस्ताव पठाउदा तोकिएको समय भित्र कार्यालयमा प्राप्त हुनु पर्नेछ । ईमेल वा अन्य खुल्लारुपमा प्राप्त प्रस्तावहरु मुल्यांकनमा समावेश गरिने छैन ।

३. पत्रिका/प्रकाशन संस्थाहरुबाट प्राप्त प्रस्तावहरु प्रस्ताव पेश गर्ने अन्तिम दिन मिति २०८२/०९/२२ गते अपरान्ह ४:०० बजे पश्चात सम्वन्धित प्रस्तावदाताहरुको उपस्थितिमा खोलि मुचुल्का गरिने छ । उक्त अवसरमा प्रस्तावदाताहरुका प्रतिनिधीहरुलाई' उपस्थितिको लागि अनुरोध गरिन्छ । तर प्रस्तावदाताका प्रतिनिधीहरु उपस्थित नभएको खण्डमा पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

४. पत्रिका/प्रकाशन संस्थाले दररेट पेश गर्दा कार्यालयवाट उपलव्ध गराईएको आर्थिक प्रस्ताव पेश गर्ने फारम/विल अफ क्वान्टिटीको दररेटको महलमा आफुले छपाई गर्न सक्ने छुट सहितको अन्तिम दररेट (प्रति कोलम सेमी) अंक र अक्षरमा उल्लेख गरि पेश गर्नु पर्नेछ । साथै पत्रिका/प्रकाशन संस्थाको नाम महलमा छपाई कार्यका प्रस्ताव गरिएको राष्ट्रियस्तरको दैनिक पत्रिकाको नाम समेत उल्लेख गर्नुपर्नेछ ।

५. प्रस्तुत खरिद कार्य अनुसार सूचना प्रकाशनका लागि प्रेस काउन्सिल नेपालको अन्तिम बर्गिकरणमा राष्ट्रियस्तरको 'क' वर्गमा बर्गिकृत भएको राष्ट्रिय दैनिकहरु मात्र योग्य हुनेछन ।

६. पत्रिका/प्रकाशन संस्थाले पेश गरेको प्रति कोलम सेमी छुट दर आर्थिक वर्ष २०८२/०८३ अवधिभर कायम रहेको मानिनेछ र उक्त अवधिभर छुटदर परिवर्तन गर्न सकिने छैन ।

७. विभिन्न पत्रिका/प्रकाशन संस्था मार्फत यस कार्यालयमा तोकिएको अवधि भित्र पेश भएका सारभूतरुपमा प्रभावग्राही प्रस्तावदाताहरु मध्येबाट तुलनात्मक तालिकामा न्युनतम छुट सहितको दररेट (प्रति कोलम सेमी) कबोल गर्ने पत्रिका/प्रकाशन संस्थाको दररेट स्विकृत गरि खरिदका थप कार्यहरु अगाडी बढाईने छ ।

८. यदि न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही पत्रिका/प्रकाशन संस्था एक वा एक भन्दा बढी भए (दुई वा दुई भन्दा वढि पत्रिका/प्रकाशन संस्थालेहरुले समान छुट सहितको दररेट पेश गरेको



शमियत खड्का
सि.डि.ई.

अवस्थामा) सवै न्युनतम मुल्यांकित हुने एजेन्सीहरुसँग कार्यालयले प्रकाशन सम्वन्धी सम्झौता गर्नेछ र वर्णानुक्रम अनुसार क्रमशः सूचनाहरु प्रकाशनका लागि उपलव्ध गराउने छ ।

९. प्रस्तुत खरिद कार्यका विषयमा थप केही जानकारी आवश्यक परेमा यस कार्यालयका सूचना अधिकारी श्री नरेश राज जोशी (मो.नं. ९८५६०७७१४०) मा सम्पर्क गर्नुहोला ।

**ख. कार्यक्षेत्रगत शर्तहरुः**

प्रस्तुत खरिद कार्यका लागि प्रचलित ऐन कानूनका अतिरिक्त देहायका बुँदाहरु समेत सम्झौताका अंग रहनेछन।

१०. यस सम्बन्धि अन्य व्यवस्था सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा विज्ञापन नियमन गर्ने नियमावली २०८० लगायत नेपाल सरकारका प्रचलित नियम कानून बमोजिम हुनेछ ।

११. प्रकाशन हुने सूचनाको सामान्य डिजाइन/सम्पादन पत्रिका/प्रकाशन संस्थाले गर्नुपर्नेछ । पत्रिका/प्रकाशन संस्थाले सुचना डिजाईन/सम्पादन गर्दा सूचनाको साईज न्युनतम प्रति कोलम सेमी हुने गरि डिजाईन गर्नुपर्नेछ र प्रकाशन पूर्व कार्यालयलाई उपलव्ध गराईसके पश्चात मात्र प्रकाशनमा पठाउनु पर्नेछ। अन्यथा डिजाईन गरि साईज ठुलो बनाउने उद्धेश्य राखि प्रकाशन भएका यस्तो कार्य बापतको भुक्तानी कार्यालयवाट हुने छैन ।

१२. अर्को दिनको लागि प्रकाशन हुने सूचना कार्यालयले बेलुका सात बजे भित्र उपलब्ध गराउने छ, उल्लिखित समय पश्चात प्राप्त सूचनाको प्रकाशन हुन नसक्ने भए सोको पूर्व जानकारी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

१३. प्रकाशन भएको सूचना त्रुटीरहित, स्पष्ट, पठनयोग्य तथा बुझ्न सकिने हुनुपर्नेछ । त्रुटीपुर्ण प्रकाशन तथा सोका कारण हुने संशोधन बापतको भुक्तानी कार्यालयबाट हुने छैन ।

१४. पत्रिका/प्रकाशन संस्थाको कारणले प्रकाशन भएको सूचनामा कुनै त्रुटी भएमा, प्रकाशन नभएमा, सम्झौतामा तोकेभन्दा फरक माध्यममा प्रकाशन भएमा, कार्यालयले उपलब्ध नगराएको सूचना प्रकाशन भएमा सोको जवाफदेहिता सम्बन्धित पत्रिका/प्रकाशन संस्थाको हुनेछ ।

१५. सम्पन्न भएको प्रकाशन बापतको भुक्तानी योग्य विवरण तथा कर विजक प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयले कट्टी गर्नुपर्ने नियमानुसारको रकम कट्टी गरी पत्रिका/प्रकाशन संस्थाको बैंक खाता मार्फत गर्नेछ ।

१६. पत्रिका/प्रकाशन संस्थाले भुक्तानी माग गर्दा सूचना प्रकाशन भएको दिनको पत्रिकाको एक प्रति र कर बिजक समेत पेश गर्नुपर्नेछ। भुक्तानी सम्वन्धी कार्य विज्ञापन (नियमन गर्ने) नियमावली २०८० को नियम ६ क अनुसार हुनेछ ।

१७. सूचना प्रकाशन गर्ने पत्रिका/प्रकाशन संस्थाले शनिबार तथा सार्वजनिक बिदाको दिनमा समेत सेवा प्रदान गर्नुपर्नेछ तर बिदाको दिनमा सेवा आवश्यक हुने भएमा सोको पूर्व जानकारी कार्यालयले पत्रिका/प्रकाशन संस्थालाई दिइनेछ ।

शोभियत खड्का
सि.डि.ई.

१८. प्रकाशन हुने सूचना कार्यालयले पत्र, ईमेल, फोन वा अन्य सामाजिक संजाल मार्फत समेत उपलब्ध गराउन सक्नेछ ।

१९. पत्रिका/प्रकाशन संस्थाले सूचना प्रकाशित भएको दिनमा प्रकाशित सूचना प्रष्ट देखिने गरेर पत्रिकाको Cutting, Softcopy ईमेल मार्फत पठाउनुपर्नेछ ।

२०. यस सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गर्ने प्रयास गरिनेछ, यदि समस्या समाधान हुन नसकेमा कार्यालयको निर्णय नै आधिकारिक निर्णय हुनेछ ।

२१. यसमा उल्लेख नभएका अन्य शर्तहरु नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

# पूर्वाधार विकास कार्यालय, लमजुङ्ग

## आर्थिक प्रस्ताव पेश गर्ने फारम/Bill of Quantity (BOQ)

कामको नामः Design and Publication of Notices in Newspaper

ठेक्का नं. IDO/LAMJUNG/SQ/OS/01/082-083

श्रीभियत खड्का
सि.डि.ई.

| क्र.सं. | पत्रिका/प्रकाशन संस्थाको नाम | ठेगाना | ईकाई | छुट सहितको दररेट रु /प्रति कोलम सिसि (अंकमा) | छुट सहितको दररेट रु /प्रति कोलम सिसि (अक्षरमा) | प्रकाशन गर्न चाहेको पत्रिकाको नाम |
|---|---|---|---|---|---|---|
| १ | - | | प्रति कोलम सिसि - | | - | |

दररेट पेश गर्ने पत्रिका/प्रकाशन संस्थाको तर्फवाटः

आधिकारीक प्रतिनिधीको नामः

सम्पर्क ठेगानाः

हस्ताक्षरः ..........................

सम्पर्क नं./मोवाईल नंः

ईमेल ठेगानाः

............................

पत्रिका/प्रकाशन संस्थाको छाप

मितिः २०८२/........../............